# कैलाश गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ४ संख्या ८ मिति २०७९/४/२६


# भाग २

## सुत्केरी पोषण प्रोत्साहन उत्प्रेरणा कार्यक्रम संचालन कार्यविधि २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:२०७९।०४।२६

प्रमाणित मिति:२०७९।०४।२६

प्रस्तावनाः कैलाश गाउँपालिका भित्र बसोबास गर्ने प्रजन्न उमेरका महिलाहरु स्वास्थ्य संस्थामा सुत्केरी हुने दर न्युन हुने भएको हुनाले गर्भ पश्चात मातृ मृत्यु

तथा नवजात मृत्यु दर घटाउन र गर्भावस्था र सुत्केरी अवस्थामा पोषण अवस्ता सुधार गर्नको लागी र साथै नेपाल सरकारको लक्ष्य २०३० सम्म दिगो विकाश(Sustainable Development Goal -SDG) लक्ष्य पुरा गर्नका लागी कैलाश गाउँपिलका भित्र बसोबास गरिरहेका महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी भए पश्चात दिने उत्प्ररणा खर्च सम्बन्धि कार्यक्रम सहयोग पुर्याउन वाञ्छनीय भएकोले कैलाश गाउँपालिकाको चालु आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा उल्लेखित सुत्केरी पोषण प्रोत्साहन उत्त्प्रेरणा कार्यक्रम संचालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम कैलाश गाउँपालिका कार्यपालिकाको कार्यालयबाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नामः "सुत्केरी पोषण प्रोत्साहन उत्त्प्रेरणा कार्यक्रम संचालन कार्यविधि २०७९" रहेको छ ।

(ख) यो कार्यविधि कैलाश गाउँपालिका गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क "कार्यालय" भन्नाले कैलाश गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख. "रकम" भन्नाले सुत्केरी पोषण प्रोत्साहन उत्त्प्रेरणा कार्यक्रम संचालनका लागि कैलाश गाउँपालिकाको गाउँसभाबाट विनियोजन गरि सञ्चालन गरेको रकम भन्ने सम्झनु पर्दछ ।

ग. "सुत्केरी पोषण प्रोत्साहन" भन्नाले कैलाश गाउँपालिका भित्र बसोबास गर्ने महिलाहरुलाई सुत्केरी पछि दिइने प्रोत्साहन रकम सम्झनु पर्छ ।

घ. अनुगमन समिति भन्नाले सुत्केरी पोषण प्रोत्साहन कार्यक्रमको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागी आवश्यक निर्देशन र अनुगमनका लागी नियम १० (१) बमोजिम बनेको समितिलाई सम्झनु पर्दछ ।

ङ. "अनुदान" भन्नाले कैलाश गाउँकार्यपालिकाको तर्फबाट सुत्केरी पोषण प्रोत्साहनको लागि भनि छुट्याइएको अनुदान रकम भन्ने सम्झनु पर्छ ।

च. "लाभग्राही" भन्नाले कैलाश गाउँपालिका भित्र बसोबास गर्ने गर्भवति महिलालाई सम्झनु पर्छ ।

छ. "स्वास्थ्य व्यवस्थापन समिति" भन्नाले सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधि २०७९ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद २

### ३.उद्देश्यः

यस कैलाश गाउँपालिका भित्रकाः

१. यस गाउँपालिका भित्र रहेका सम्पुर्ण गर्भवति महिलाहरुलाई पोषण अबस्था सुधार गर्ने,
२. मातृ तथा नवशिशु मृत्यु दर कम गर्ने
३. घरमा हुने सुत्केरी दर घटाइ स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गराउने ।

४. अपेक्षित प्रतिफलः

१. सुत्केरी तथा नवशिशुको पोषण अवस्था सुधार हुनेछ,

२. मातृ तथा नवशिशु मृत्यु दर कम हुनेछ,

३. घरमा हुने सुत्केरी दर घटाइ स्वास्थ्यसंस्थामा सुत्केरी गराउदा होम डेलिभरी घटाइनेछ ।

५. लाभान्वित सुत्केरी आधारहरुः

कैलाश गाउँपालिका भित्रको वसोबास गर्ने सम्पुर्ण गर्भवति महिलाहरुलाई सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम अन्तर्गत देहाय बमोजिमका महिलाहरुलाई सहयोग उपलब्ध हुनेछ।

१. कैलाश गाउँपालिका भित्र बसोवास गर्ने सम्पुर्ण स्थानिय गर्भवति महिलाहरु ।

२. नेपाल सरकारले तोकेको प्रटोकल बमोजिम गर्भ जाँच गरेको,

३. स्वास्थ्य संस्थामा सुत्केरी भएको,

४. BIRTH CERTIFICATE लिइएको,

परिच्छेद ३

६. कोष सम्बन्धी व्यवस्था

१. भुक्तानिको प्रक्रिया

१.१ सुत्केरी महिलाहरुलाई सुत्केरी पश्चात स्वास्थ्य संस्थामा नै नगदै अनुदान उपलब्ध गराइन् छ ।

१.२ गाउँपालिकाले स्वास्थ्य संस्था व्यवस्थापन समितिको निर्णय माग बमोजिम पेश्कि स्वरुप रकम स्वास्थ्य संस्थामा पठाउने छ ।

१.३ चौमासिक रुपमा पेश्की उपलब्ध गराउने र पेश्की फरच्छचौटको व्यवस्था स्वास्थ्य चौकी प्रमुखले व्यवस्था मिलाउने छ ।

**७. खर्चका क्षेत्रहरुको सिमा निर्धारण सम्बन्धी व्यवस्थाः**

१. समान्यतयाः सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण सहयोग सुत्केरी पोषण प्रोत्साहन कोष मार्फत उपलब्ध गराईनेछ ।

२. नेपाल सरकारले प्रदान गर्ने यातायात खर्च र गर्भजाँच वाहेक थप रकम रु २०००/- प्रदान गर्ने छ ।

३. कार्यक्रममा लाभान्वित व्यक्ति कैलाश गाउँपालिका भित्र बसोबास गरेको र नेपाली नागरिकता प्राप्त गरेको हुनु पर्नेछ ।

## परिच्छेद ४

**८. कार्यक्रम सञ्चालन प्रकृया**

१. स्वास्थ्य संस्थाहरुमा सुत्केरी भए पश्चात सुत्केरी आमालाई प्रोत्साहन रकम उपलब्ध गराउन मागका आधारमा अनुमानित रकम स्वास्थ्य चौकीलाई पेश्की उपलब्ध गराईने छ ।

२. स्वास्थ्य संस्थामा सुत्केरी भए पश्चात रकम भुक्तानी हुनेछ।

## परिच्छेद ५

**९. अभिलेख राख्ने**

१. सुत्केरी प्रोत्साहन कार्यक्रम अन्तर्गत भए गरेका निर्णय र अन्य कागजातहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ,

२. मातृ सेवा रजिष्टरमा दर्ता भएको गर्भवतिहरुको संख्या चुस्त दुरुस्त राखी सो को प्रतिवेदन अभिलेख स्वास्थ्य शाखामा बुझाउनु पर्ने ।

३. उक्त अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार अभिलेख उपलब्ध गराइनेछ ।

१०.अनुगमन मुल्याङ्कनः

१. सुत्केरी प्रोत्साहन सञ्चालन र यसको प्रभावकारी अनुगमन र मुल्याङकनका लागि पालिका स्तरीय अनुगमन समिति रहने छ । अनुगमान समितिमा निम्न बमोजिम सदस्य रहने व्यवस्था मिलाईनेछ ।

| | |
|---|---|
| १ उपाध्यक्षः | - संयोजक |
| २ एक महिला सहित कार्यपालिका सदस्य सहित २ जनाः | - सदस्य |
| ३ स्वास्थ्य शाखा प्रमुखः | - सदस्य सचिव |

२. नियम १० को देहाय १ बमोजिम गठन भएको समितिले कार्यक्रम मार्फत उपलब्ध गराएको रकम सदुपयोग भए नभएको बारे अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा रकम दुरुपयोग भएको पाइएमा सम्बन्धित व्यक्ति तथा संस्थालाई कारबाहीको सिफारीस सहित प्रतिवेदन गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्ने छ ।

११. प्रतिवेदनः

क. सुत्केरी प्रोत्साहन कार्यक्रम मार्फत प्रदान गरिएका सम्पूर्ण सहयोग वार्षिक प्रगति प्रतिवेदन गाउँसभा समक्ष पेश गर्नुपर्नेछ ।

ख. प्रतिवेदन सम्पूर्ण जिम्मेवारी स्वास्थ्य व्यवस्थापन समिति, स्वास्थ्य चौकी प्रमुख र स्वास्थ्य शाखा प्रमुखको रहनेछ।

१२. कार्यविधि संशोधनः

यो कार्यविधिका कुनै नियम, उपनियमहरु परिमार्जन गर्नु परेमा प्रचलित कानूनसँग बाझिएमा कार्यपालिकाको बैठकले आवश्यक संशोधन गरी स्वीकृत गर्न सक्नेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत